# तिलोत्तमा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बैठक संख्या : ३८

आज मिति २०७५ साल साउन २० गते बिहान यस तिलोत्तमा नगरपालिकामा नगर प्रमुख श्री बासुदेव घिमिरेको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा निम्नानुसारका निर्णयहरु गरियो ।

| क्र.स. | पद/दर्जा | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर कार्यपालिका अध्यक्ष | प्रमुख, श्री बासुदेव घिमिरे | |
| २. | नगर कार्यपालिका सदस्य | उप-प्रमुख, श्री जगेश्वर देवी चौधरी | |
| ३. | नगर कार्यपालिका सदस्य | श्री तामानाथ पाण्डेय | |
| ४. | नगर कार्यपालिका सदस्य | श्री दधिराम गौतम | |
| ५. | नगर कार्यपालिका सदस्य | श्री टंक प्रसाद तिवारी | |
| ६. | नगर कार्यपालिका सदस्य | श्री दिवाकर ढकाल | |
| ७. | नगर कार्यपालिका सदस्य | श्री चेतनारायण भण्डारी | |
| ८. | नगर कार्यपालिका सदस्य | श्री सुखदेव न्यौपाने | |
| ९. | नगर कार्यपालिका सदस्य | श्री दुर्गाप्रसाद पाण्डे | |
| १०. | नगर कार्यपालिका सदस्य | श्री कृष्णप्रसाद पौडेल | |
| ११. | नगर कार्यपालिका सदस्य | श्री नारायण न्यौपाने | |
| १२. | नगर कार्यपालिका सदस्य | श्री व्यासमुन थारु | |
| १३. | नगर कार्यपालिका सदस्य | श्री मुक्तिनारायण चौधरी | |
| १४. | नगर कार्यपालिका सदस्य | श्री सहदेव् थारु | |
| १५. | नगर कार्यपालिका सदस्य | श्री गणेश न्यौपाने | |
| १६. | नगर कार्यपालिका सदस्य | श्री सोहन प्रसाद थारु | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री खेमराज गुरुङ | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री ऋविलाल भुसाल | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री दान बहादुर चौधरी | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री सुरेन्द्र श्री | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री गिता कुमारी सापकोटा | |
| २२. | नगर कार्यपालिका सदस्य | श्री गायत्री पाण्डे | |
| २३. | नगर कार्यपालिका सदस्य | श्री संगिता गुरुङ | |
| २४. | नगर कार्यपालिका सदस्य | श्री राधा शाही | |
| २५. | नगर कार्यपालिका सदस्य | श्री मिरा कुमारी वि.क. | |
| २६. | नगर कार्यपालिका सदस्य | श्री लक्ष्मण नेपाली | |
| २७. | नगर कार्यपालिका सदस्य | श्री हर्क बहादुर रस्तेल | |
| २८. | नगर कार्यपालिका सदस्य | श्री कृष्णप्रसाद सापकोटा | |

Scanned by CamScanner

**तिलोत्तमा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बैठक संख्या नं. ३८, मिति २०७५।०४।२०, समय: ८:०० बजे**

**प्रस्तावहरु:**

१. मापदण्ड विपरित बनेका घरहरुका सम्बन्धमा विशेष समिति गठन सम्बन्धमा ।
२. वृक्षारोपण सप्ताह सम्बन्धमा ।
३. योजना कार्यान्वयन र फरफारक सम्बन्धमा ।
४. विद्युत सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

- तिलोत्तमा नगरपालिका भित्र मापदण्ड विपरित बनेका घरहरुका सम्बन्धमा आवश्यक नियमन, व्यवस्थापन र नियन्त्रण गर्नका लागि निम्नानुसार समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| संयोजक | - | श्री तामानाथ पाण्डे (१ नं. वडा अध्यक्ष) |
| सदस्य | - | श्री टंक प्रसाद तिवारी (३ नं. वडा अध्यक्ष) |
| सदस्य | - | श्री नारायण न्यौपाने (९ नं. वडा अध्यक्ष) |
| सदस्य | - | श्री मिरा कुमारी वि.क. (कार्यपालिका सदस्य) |
| सदस्य सचिव | - | श्री मनिस खनाल (ईन्जिनियर) |

**निर्णय नं. २**

- तिलोत्तमा नगरपालिका भित्रको पर्ति र नदी उकास, कुलो, घोला किनारामा रहेको सार्वजनिक जंग्गा तथा ईच्छुक नगरवासीहरुको खाली जग्गामा समेत आँप, कटहर, अम्वा, अमला, साल, टिक, खयर, वेगनवेली, सयपत्री लगायतका विभिन्न प्रजातिका करीव ५०,००० बोटविरुवाहरु सप्ताहव्यापी वृक्षारोपण कार्यक्रम आगामी साउन २६ गते देखि संचालन गर्न १७ नं. वडा अध्यक्ष श्री दान बहादुर चौधरी संयोजक, लेखा अधिकृत श्री धनेश्वर पोखेल, ईन्जिनियर श्री गिरीराज डुम्रे, कृषि प्राविधिक सहायक श्री युवराज ढकाल सदस्य रहेको उपसमितिलाई नगर प्रमुखसँग समन्वय गरी कार्य सम्पन्न गर्ने जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

- चालु आ.व. को वजेट अनुसारका योजना २०७६ जेठ मसान्त भित्र सम्पन्न गरी योजनाको भुक्तानी समेत सोही मिति भित्र लिने व्यवस्था मिलाउनका लागि सम्बन्धित वडामा रहेका योजनाहरु यथासमयमा नै सम्झौता गरी कार्यान्वयनको सुरुवात गर्ने निर्णय गरियो । यो व्यवस्थाबाट ०७६ आषाढ १ गते देखि कुनै पनि योजनाको भुक्तानी सो आर्थिक वर्षमा नदिने निर्णय गरियो ।

**निर्णय नं. ४**

- तिलोत्तमा नगरपालिकाको साविकको नेपाल विद्युत प्राधिकरण, नयाँमिल प्रशाखा, मणिग्राम स्तरोन्नती भई नेपाल विद्युत प्राधिकरण, विद्युत वितरण केन्द्रमा रुपान्तरण भएको उक्त केन्द्रले मिति २०७५।०४।१७ च.नं. ८८ को पत्रबाट नगरपालिका क्षेत्र भित्र नेपाल विद्युत प्राधिकरणबाट प्रदान गरिने सम्पूर्ण विद्युत सेवा उपलब्ध गराउन सकिने व्यहोराको जानकारी प्राप्त भएको हुँदा आगामी दिनमा सबै वडा कार्यालयहरुले नेपाल विद्युत प्राधिकरण, भैरहवा तथा अमुवा शाखाबाट लिईने विद्युत सेवाका लागि मणिग्राम सेवा केन्द्रमा सिफारिस गर्ने एवं आम नगरवासीहरुलाई समेत जानकारी गराउने निर्णय गरियो ।



Scanned by CamScanner